**अन्य भाषा बोल्ने व्यक्तिहरूका लागि अङ्ग्रेजी (ESOL) कार्यक्रममा**
**स्थानको सूचना**

मिति: ____________________________ ☐ प्रारम्भिक स्थान ☐ हालको स्थान

| थर | नाम | M.I. | विद्यार्थी परिचय |
|---|---|---|---|

| विद्यालय | ग्रेड |
|---|---|

आदरणीय माता-पिता/कानूनी अभिभावक ज्यू:

तपाईको बच्चा शैक्षिक सत्र___________मा हाम्रो ESOL कार्यक्रममा अध्ययन गर्न योग्य छ भनेर तपाईलाई जानकारी गराउन पाउँदा हामी हर्षित छौं ।म्यारिल्याण्डको गृहभाषा सर्वेक्षणमा तपाईले दिएको प्रतिक्रिया, शिक्षकको सिफारिस र एउटा अंग्रेजी प्रवीणता जाँचका आधारमा विद्यार्थीहरूलाई यी सेवाहरूको आवश्यकता छ भन्ने कुरा पहिचान गरिन्छ ।

**समग्र अङ्ग्रेजी प्रवीणता स्तर**

| शुरु गर्ने A1 | अन्वेषण गर्ने A2 | संलग्न हुने A3 | प्रवेश गर्ने 1 | प्रकट हुदै गरेको 2 | विकासशील 3 | विस्तार हुँदै गरेको 4 |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**तपाईको बच्चाको ESOL कार्यक्रममा प्रयोग हुने प्रशिक्षण विधि निम्न अनुसार उल्लेख भए बमिजिम हुनेछन्:**

- ☐ अङ्ग्रेजी प्रशिक्षार्थी द्विभाषी: केही पठनपाठन विद्यार्थीको मातृभाषामा गरिन्छ र विद्यार्थीहरूले उनीहरूको मातृभाषा र अङ्ग्रेजी दुवैमा प्रवीणता हासिल गर्छन्।
- ☐ मिश्रित द्विभाषी: अङ्ग्रेजी र एउटा अर्को भाषामा समान ध्यान केन्द्रित गरिन्छ, जसमा अङ्ग्रेजी प्रशिक्षार्थी तथा गैर-अङ्ग्रेजी प्रशिक्षार्थीहरूको कक्षामा एउटा अर्को भाषामा सामाग्रीको पठनपाठन समावेश छ।
- ☐ अङ्ग्रेजी प्रशिक्षार्थी-निर्दिष्ट सङ्क्रमणकालीन शिक्षा: अङ्ग्रेजी प्रवीणता हासिल गर्न सहयोगका लागि विद्यार्थीको मातृभाषाको प्रयोग गरिन्छ तर अङ्ग्रेजी प्रशिक्षार्थी मात्र भएको कक्षाको लागि विद्यार्थीको मातृभाषामा प्रवीणता प्राप्त गर्नु लक्ष्य होइन।
- ☐ मातृभाषामा सहयोगका साथमा मिश्रित कक्षाहरू: अङ्ग्रेजी प्रवीणता हासिल गर्न सहयोगका लागि विद्यार्थीको मातृभाषाको प्रयोग गरिन्छ, तर अङ्ग्रेजी प्रशिक्षार्थी तथा गैर-अङ्ग्रेजी प्रशिक्षार्थीको कक्षामा धेरैजसो पठनपाठन अङ्ग्रेजीमा नै गरिन्छ।
- ☐ अङ्ग्रेजी प्रशिक्षार्थी-निर्दिष्ट अङ्ग्रेजी-मात्र पठनपाठन: अङ्ग्रेजी भाषा सीप तथा सामाग्री अङ्ग्रेजी प्रशिक्षार्थी मात्रको कक्षामा पठनपाठनको लक्ष्य हो।
- ☐ अङ्ग्रेजी-मात्र सहयोगका साथमा मिश्रित कक्षाहरू: अङ्ग्रेजी भाषा सीप तथा सामाग्री अङ्ग्रेजी प्रशिक्षार्थी तथा गैर-अङ्ग्रेजी प्रशिक्षार्थीको कक्षामा पठनपाठनको लक्ष्य हो।

**कार्यक्रम स्थान विकल्प तथा अङ्ग्रेजी प्रशिक्षार्थीहरूको लागि लक्ष्यहरू सम्बन्धी विवरण**

सम्पूर्ण कार्यक्रमहरूमा प्रत्येक विद्यार्थीको अङ्ग्रेजी भाषा प्रवीणताको स्तर अनुसार अङ्ग्रेजी भाषा विकास तथा शिक्षण उपायहरू समावेश हुन्छ । प्रत्येक विद्यार्थीलाई अङ्ग्रेजी सुन्ने, बोल्ने, पढ्ने तथा लेख्ने प्रवीणता हासिल गर्न तथा सम्पूर्ण प्रमुख विषयहरूमा प्राज्ञिक रूपमा सफल हुन मद्दत गर्न यी उपायहरूको प्रयोग गरिन्छ । विद्यार्थीहरू मूलाधार कक्षाहरूमा पूर्णतया जान सकून्, माथिल्लो ग्रेडमा जान आवश्यक प्राज्ञिक स्तरप्राप्त गरून् र मूलधार विद्यार्थीहरूको जस्तै दरमा हाइ स्कूल सिद्ध्याएर जान सकून् भन्ने नै अङ्ग्रेजी प्रशिक्षार्थीहरूको अपेक्षाहरू हुन् ।

**अभिभावकीय अधिकारहरू**

उपलब्ध भएमा तपाईंको बच्चालाइ भिन्दै शिक्षा पद्धतिमा राख्ने अनुरोध गर्ने तपाईंसँग अधिकार हुनेछ। तपाईसँग आफ्नो बच्चाको ESOLशिक्षक र/वा विद्यालयमा सम्पर्क गरेर कुनैपनि समय **ESOL** सेवाहरू अस्वीकार गर्ने अधिकार हुन्छ । यो प्रक्रिया वार्षिक रूपमा पूरा गर्नु पर्छ।

**विशेष आवश्यकता भएका अङ्ग्रेजी प्रशिक्षार्थीहरू**

विद्यार्थीको ESOL कार्यक्रमले व्यक्तिकृत शिक्षा योजना (IEP) का शैक्षिक उद्देश्यहरूको पूर्ति गर्न मद्दत गर्नेछ।

**तपाईको बच्चाको स्थानका सम्बन्धमा कृपया तल आफ्नो निर्णय उल्लेख गर्नुहोस्:**

□ **हो**, म आफ्नो बच्चालाई शैक्षिक सत्र_________का लागि ESOL कार्यक्रममा सहभागी गराउन चाहन्छु ।
मेरो बच्चाको अङ्ग्रेजी भाषामा प्रगति निर्धारण गर्न वार्षिक रूपमा अङ्ग्रेजी भाषा प्रवीणता मूल्याङ्कनद्वारा जाँच गरिने छ भन्ने कुरा मैले बुझेको छु ।

□ **होइन,** म आफ्नो बच्चालाई शैक्षिक सत्र_________का लागि ESOL कार्यक्रममा सहभागी गराउन चाहँदिन ।
मैले मेरो बच्चाको लागि ESOL सेवाहरू अस्वीकृत गरेको भएपनि मेरो बच्चाको अङ्ग्रेजी भाषामा प्रगति निर्धारण गर्न वार्षिक रूपमा अङ्ग्रेजी भाषा प्रवीणता मूल्याङ्कनद्वारा जाँच गरिने छ भन्ने कुरा मैले बुझेको छु। राज्यको निकास मापदण्ड पूर्ति नभए सम्म मेरो बच्चा अङ्ग्रेजी प्रशिक्षार्थीका रूपमा रहने छ। कृपया याद राख्नुहोस् तपाईले अनुमति दिएपछि तपाई र तपाईको बच्चा शीर्षक III अन्तर्गत प्राप्त हुने विद्यालय पश्चात ट्यूशन तथा गर्मी यामको गहन अङ्ग्रेजी कार्यक्रमहरू, अभिभावक घरदैलो कार्यक्रमहरूका साथै अभिभावक-शिक्षक सम्मेलनहरूमा दोभाषे सेवाहरूका जस्ता अतिरिक्त सेवाहरूको लागि पनि योग्य हुन सक्नु हुनेछ ।

**निकास मापदण्ड**

वार्षिक अङ्ग्रेजी भाषा प्रवीणता मूल्याङ्कनमा राज्यको निकास मापदण्ड पूर्ति गरेपछि अङ्ग्रेजी प्रशिक्षार्थीहरू ESOL सेवाहरूका लागि योग्य रहने छैनन्।

सविनय,

नाम | पद | फोन नम्बर

**प्रशिक्षण कार्यक्रमहरू अथवा कार्यक्रम छान्न सहायता सम्बन्धी अधिक जानकारीका लागि सम्पर्क गर्नुहोस्:**

| नाम | पद | फोन नम्बर |
|---|---|---|

**कृपया तपाईंले माथि आफ्नो बच्चाको** ESOL **स्थापनाका सम्बन्धमा आफ्नो निर्णय जनाएको सुनिश्चित गर्नुहोस् र पुष्टि गर्न तल आफ्नो हस्ताक्षर गर्नुहोस्।**

| माता-पिता/कानूनी अभिभावकको हस्ताक्षर | मिति |
|---|---|

**यो कागजात यहाँ फिर्ता पठाउनुहोस्:**

| नाम | पद | मिति |
|---|---|---|